# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल


पत्र संख्याः-२०८१/०८२
चलानी नं.

मितिः२०८१/०६/१४

**जडिबुटी , कबाडी र जीवजन्तु कर सम्बन्धी १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**
**(पहिलो पटक प्रकाशित मितिः २०८१/०६/१४ गते)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) मा विज्ञापन कर सम्वन्धी व्यवस्था भएको हुँदा यस न.पा. लाई १ आ.व. को लागि न.पा. का पार्क क्षेत्रहरु वाहेकका क्षेत्रहरुवाट जडिबुटी , कबाडी र जीवजन्तु कर संकलन गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायी, फर्म वा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रहि विज्ञापन कर संकलन गर्ने कार्य गर्नुपर्ने भएकोले रितपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शर्तहरुः

1. सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यवसायी/फर्महरुले मान्यता/ईजाजत प्राप्त गरेको प्रमाण पत्र, स्थायी लेखा नं. एव आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, सम्बन्धित फर्म नवीकरण भएको प्रमाण पत्र, कालो सूचीमा नरहेको स्वघोषणा पत्र, नेपाल सरकार तथा प्रदेश सरकारवाट कुनै कारवाहीमा नपरेको स्वघोषणा पत्र, आ.व. २०७९/२०८० को कर चुक्ता विवरण पेश गरेको कागजात तथा अन्य कुनै कागजात भाए सो समेतको प्रमाणित प्रतिलिपिको साथै सिलवन्दी दरभाउपत्र खरिदको लागि निवेदन पेश गरि राजस्व उप-शाखामा रु १००० (अक्षरेपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरि खरिद गर्नु पर्नेछ। सिलवन्दी दरभाउपत्र पेश गर्दा नगदी रसिद र निवेदन समेत पेश गर्नु पर्नेछ ।
2. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात दाखिला गर्दा सिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
3. सिलवन्दी दरभाउपत्र फाराम तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्वीकृत गरिने छैन ।
4. सिलबन्दी दरभाउपत्र फाराम भर्दा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ, साथै केरमेट भएको ठाँउमा सहिछाप हुनु पर्नेछ। सिलबन्दी दरभाउपत्रको मूल्यांकन बढावढ हिसावले गरिनेछ ।
5. सिलबन्दी दरभाउपत्रको जमानत रकम माच्छापुच्छ्रे वैंक, ढल्केवर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं ११५००७९५८७१०००४१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनु पर्नेछ।

सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा नब्बे दिन सम्म म्याद भएको बैंक जमानत समावेश भएको हुनु पर्नेछ। अन्यथा सिलबन्दी दरभाउपत्र अयोग्य मानिनेछ।

6. सिलवन्दी दरभाउपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोहि फर्मको नामवाट दर्ता गराउनु पर्नेछ।
7. कुनै पनि कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र फाराम स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने वा अस्विकृत गर्ने रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
8. सिलवन्दी दरभाउपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।
9. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको र कुनै पनि शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन।
10. आफुले खरिद गरको दरभाउपत्र रितपूर्वक भरि सूचना प्रकाशन भएको मितिले १६औं दिन (सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सो हि दिनको दिउसो १५.०० बजे यस कार्यालयमा खोलिनेछ ।
11. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तीको सहि र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।
12. फर्मले कबोल गरेको कुल रकम २ (दुई) किस्तामा बुझाउनु पर्नेछ । प्रथम किस्ता वापतको ५० (पचास) प्रतिशतले हुन आउने रकम सम्झौता गर्नु पूर्व बुझाउनु पर्नेछ । सो पश्चात मात्र यस कार्यालयबाट चलन पुर्जि दिईनेछ ।त्यसपछी बाँकी रकम मिति २०८१ चैत्र मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।सम्झौता गर्न आउदा फर्मले दोश्रो किस्ता वापत हुन आउने रकमको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (Bank Guarantee )सम्झौता सम्पन्न हुने मिति भन्दा १ महिनाको बढीको हुनु पर्नेछ ।
13. जडिबुटी , कबाडी र जीवजन्तु करको दरः नगरपालिका मिथिला चालु आ.व.को आर्थिक ऐन र नियमावलीमा उल्लेख भए बमोजिमको दररेट अनुसार हुनेछ । -
14. मिथिला नगरपालिकाले समय समयमा दिएको आदेश निर्देशन नीति, नियमको दोस्रो पक्षले पालना गर्नु पर्नेछ ।
15. फर्मले विगतमा कुनै क्षेत्रमा काम गरेको अनुभव पत्र सहित सो कम्पनीको आर्थिक कारोवारको बक्यौता नरहेको प्रमाण पेश गर्नु पर्नेछ ।
16. सम्बन्धित फर्म र मिथिला नगरपालिका बीच ठेक्काहरू सम्बन्धमा कुनै विवाद, द्विविधा तथा मतभेद उत्पन्न भएमा मिथिला नगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन

। सिलवन्दी दरभाउ पत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

17. तोकिएको म्याद भित्रमा किस्ता नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असूल उपर गरिनेछ । यस कार्यालयले जारी गरेका निर्देशनहरू पालना दोश्रो पक्षले गर्नुपर्नेछ

18. प्रचलित कानून बमोजिम संघीय सरकार तथा प्रदेश सरकारलाई बुझाउनु पर्ने अन्य कर तथा थप दस्तुर बुझाउने दायित्व दोश्रो पक्षको हुनेछ ।

19. छनौट भएको फर्मले सम्झौता गर्न आँउदा कबोल रकमको मूल्य अभिवृद्धि कर र आयकरको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई त्यसको सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

20. यस सम्वन्धी थप जानकारी मिथिला नगरपालिकाको वेवसाइट www.mithilamun.gov.np तथा राजश्व उप-शाखाबाट प्राप्त गर्न सकिनेछ ।

21. सिलबन्दी दरभाउपत्र फाराम खरिद, दर्ता गर्ने समय र अन्य विवरण तपसिल अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समयः २०८१/०६/२९ गते कार्यालय समय भित्र। | सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम मिति र समयः २०८१/०६/३० गते दिनको १२.०० बजे । | सिलबन्दी दरभाउपत्र फाराम खुल्ले मिति र ममयः २०८१/०६/३० गते दिनको १५.०० बजे पछि । |

| क.स | ठेक्का नं | खरिद गर्नु पर्ने कामको विवरण | पहिलो वर्षमा न्युनत्तम कर संकलन गर्नु पर्ने (मू.अ.क. तथा अ.आ.कर बाहेक) | जमानत वापतको रकम | सिलबन्दी दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MM/SQ/INCOME/02-2081/082 | जडिबुटी, कबाडी र जीवजन्तु कर संकलन | रु. १५,००,०००/- (अक्षेरुपी रु.पन्ध्र लाख) | कबोल रकमको ५ प्रतिशत | रु.१,०००/- | सिलबन्दी दरभाउ पत्र |

..................
अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत